श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३० सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### लेखापरीक्षण ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– लेखापरीक्षण ऐन, २०१८ (यसपछि मूल ऐन भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "लेखापरीक्षण (दोस्रो संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ ।

८. संगठित संस्थाको लेखापरीक्षणः– (१) श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ । यस्तो लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट गराउन नभ्याउने वा सम्भव नहुने भएमा सो गराउन महालेखा परीक्षकले आवश्यक देखेअनुसार प्रचलित नेपाल कानूनबमोजिम प्रमाणपत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त लेखापरीक्षकहरू सहायकको रूपमा नियुक्त गर्न सक्नेछ । यसरी महालेखा परीक्षकबाट सहायकको रूपमा लेखा परीक्षकहरू नियुक्त गर्दा साधारणतया नेपाली नागरिकलाई प्राथमिकता दिइनेछ र त्यसरी नियुक्ति गरिएका लेखापरीक्षकहरूले महालेखा परीक्षकको निर्देशन, रेखदेख र नियन्त्रणमा रही काम गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम गरिएको लेखापरीक्षणको प्रतिवेदन महालेखा परीक्षकले श्री ५ महाराजाधिराजका जुनाफमा चढाई त्यसको एकप्रति सम्बन्धित मन्त्रालय र एक प्रति सम्बन्धित संस्थामा पठाउनु पर्नेछ ।

(३) श्री ५ को सरकारको आंशिक स्वामित्व भएको संगठित संस्थाहरूको लेखा-परीक्षण सो संस्था सम्बन्धित प्रचलित कानून अनुसार हुनेछ । तर यस्तो संस्थाहरूको लेखापरीक्षण प्रतिवेदनको एकप्रति महालेखा परीक्षकलाई पठाउनुपर्छ । महालेखा परीक्षकले सो प्रतिवेदनबाट देखेको त्रुटिको सम्बन्धमा सम्बन्धित संस्थालाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(४) उप-दफा (१) बमोजिम लेखापरीक्षण गर्न सहायकको रूपमा नियुक्त भएका लेखापरीक्षकको काम, कर्तव्य, अधिकार, दायित्व, सजाय लेखापरीक्षणको तरीका र प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था यस ऐन अन्तर्गत बनेको नियममा तोकिएबमोजिम हुनेछ ।

(५) उप-दफा (१) बमोजिम कुनै संगठित संस्थाको लेखापरीक्षण गर्न महालेखा परीक्षकले सहायक नियुक्त गरेकोमा ती सहायकले सो संस्थाबाट पाउने पारिश्रमिक यस ऐन अन्तर्गत बनेको नियममा तोकिएबमोजिम हुनेछ ।

३. मूल ऐनको दफा १३ मा संशोधनः– मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–

१३. बचाउः– श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षण सम्बन्धमा त्यस्ता संस्था सम्बन्धित प्रचलित सामान्य वा विशेष कानून-हरूमा जुनसुकै कुरा लेखिएको भए तापनि ती संस्थाहरूको लेखापरीक्षण सम्बन्धमा यो ऐनबमोजिम नै हुनेछ ।

४. खारेजीः– मूल ऐनको दफा ३ को उप-दफा (३) खारेज गरिएको छ ।

लालमोहर सदर मिति– २०३०।५।१५।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।